# आशूराको श्रेष्ठता र त्यसदिन गरिने केही बिदअतहरू

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1436

IslamHouse.com

# فضائل عاشوراء
# والبدع المنكرة في يوم عاشوراء

« باللغة النيبالية »


تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي



2014 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९८१४४९९१४०
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

**Email- atiqkhannp1982@yahoo.com**

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामिजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत  साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुऱ्याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको

पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले मुहर्रमको दशौं तारिख अर्थात आशूराको बारेमा केही महत्वपूर्ण कुराहरू वर्णन गर्ने प्रयास गरेको छु, साथै हाम्रो देश नेपालका मुसलमानहरूद्वारा गरिने केही विदअतहरूको पनि चर्चा कुरआन र सही हदीसहरूको प्रकाशमा गर्ने प्रयास गरेको छु, ताकि प्रिय पाठकहरूलाई कुनै कुरामा कुनै प्रकारको सन्देह र असमन्जस बाँकी नरहोस् ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं.** ००९७७–९८४७०३०७८०,९८१४४९९१४०

**Mob.00977-9727649238,9814499140**

## मुहर्रम महिना र आशूराको दिनको श्रेष्ठता

मुहर्रमको महिना अरबी संवत हिज्रीको पहिलो महिना हो । र इस्लाममा जुन चार महिना सम्मानित महिना मानिन्छन् ती मध्ये एउटा मुहर्रमको महिना पनि हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّ عِدَّةَ ٱلشُّهُورِ عِندَ ٱللَّهِ ٱثۡنَا عَشَرَ شَهۡرٗا فِي كِتَٰبِ ٱللَّهِ يَوۡمَ خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَ مِنۡهَآ أَرۡبَعَةٌ حُرُمٞۚ ذَٰلِكَ ٱلدِّينُ ٱلۡقَيِّمُۚ فَلَا تَظۡلِمُواْ فِيهِنَّ أَنفُسَكُمۡۚ ٣٦ ﴾ التوبة: ٣٦

अर्थ : अल्लाह निर त्यस दिनदेखि जब उसले आकाशहरू र धर्तीको सृष्टि गऱ्यो बाह्र छन् । उनीहरू मध्ये चार आदर र सम्मानका हुन्, यही सोझो धर्म हो । अतः तिमी यी महिनाहरूमा आफूमाथि अत्याचार नगर....। ( सूरतुत्तौबा ३६ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : पूर्ण वर्ष १२ महिनाको हुन्छ, जसमध्ये ४ महिना सम्मानित महिना हुन्, र ती चार मध्ये तीन क्रमशः आउँछन् जिल्कअ्दह, जिल्हिज्जह, मुहर्रम, र रजब जुन जमादिस्सानी र शअ्बानको बीचमा हुन्छ । ( बुखारी हदीस नं. २९५८ )

त मुहर्रमको महिना अल्लाहद्वारा सम्मानित गरिएको महिना हो, यस महिनामा नफिली व्रत बस्नु अति उत्तम मानिन्छ । जस्तोकि हदीसमा वर्णन छ :

अर्थ : अबू हुरैरह वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नुभयो : रमजान पश्चात सर्वोत्तम व्रत अल्लाहले सम्मानि गरेको महिना मुहर्रमको हो । ( मुस्लिम हदीस नं. १९८२ )

र यस महिनामा सबैभन्दा उत्कृष्ट व्रत आशूराको दिन र त्यसभन्दा एक दिन अघि वा पछिको व्रत हो । र यी दुई दिनको व्रतको श्रेष्ठता रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका सहाबाहरूबाट प्रमाणित छ उदाहरणको लागि निम्नका हदीसहरूलाई ध्यनपूर्वक अध्ययन गर्नुहोस् !

□ इब्ने अब्बास रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि मैले पुण्यको दृष्टिले रसूल

सल्लल्लाहो अलैहे वसल्लमलाई कुनै व्रतलाई यस्तो श्रेष्ठता प्रदान गर्दै हेरको छैन आशूरा र रमजान महिनाको व्रत बाहेक । ( बुखारी हदीस नं. १८६७ )

अर्थात रसूल सल्लल्लाहो अलैहे वसल्लमले आशूरा र रमजानको व्रतलाई अति श्रेष्ठता प्रदान गर्नुभएको छ ।

□ इब्ने अब्बास रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम मदीना प्रवास गरेर आए त के हेर्छन् कि यहूदीहरू आशूराको दिन व्रत बसेका छन्, त यसको कारणको बारेमा सोध्नुभयो, अनि उहाँसित भन्यिो: कि यो अति उत्तम दिन हो यसैदिन अल्लाहले इस्राईलका सन्ततिहरूलाई उनीहरूको शत्रु (फिरऔन) बाट मुक्ति प्रदान गरेको थियो, यसैकारण हजरत मूसाले यसदिन व्रत बस्नुभएको थियो, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कि म तिमीहरूभन्दा मूसाको यसकार्यको अधिक हकदार छु अनि उहाँले स्वयम् व्रत बस्नु भयो र आफ्ना अनुयायीहरूलाई पनि व्रत बस्ने आदेश गर्नुभयो । ( बुखारी हदीस नं. १८६५ )

□ इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले आशूराको व्रत बस्नु भयो र सबैलाई व्रत बस्ने आदेश गर्नुभयो त सहाबाहरूले भने: हे अल्लाहका रसूल यो यस्तो दिन हो जसलाई यहूदी र ईसाईहरू आदरणीय र सम्मानित मान्दछन्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो यदि अल्लाहले चाह्यो भने आउनेवाला साल ९ तारीखको पनि व्रत बसौंला । अनि इब्ने अब्बास भन्छन् कि आर्को साल आउनु भन्दा अगावैं रसूल सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास भइहाल्यो । ( मुस्लिम हदीस नं. १९१६ )

□ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोकि : म अल्लाहसित यो आशा राख्दछु कि आशूराको व्रतको प्रतिफलको रूपमा अल्लाह विगतका एकवर्षका पापहरूलाई क्षमा गरिदिन्छ। ( मुस्लिम हदीस नं. १९७६ )

त उपरोक्तका हदीसहरूबाट यो प्रष्टहुन्छ कि मुहर्रमको महिना अति गरिमामय र सम्मानित महिना हो र यसमा व्रत बस्नु र खासगरी आशूराको व्रत बस्नु अति पुण्यको कार्य हो, जसबाट एक वर्षको पापको क्षमादान मिल्छ ।

# आशूराको व्रत बस्ने तरिका

आशूरा भनेको मुहर्रमको दशौं तारीखको दिन हो, जसदिन अल्लाहले फिरऔन र त्यसका सेनाहरूलाई नील नामक समुन्द्रमा जुनकि मिश्रमा स्थित छ डुबाएर हजरत मूसा र उहाँका अनुयायीहरूलाई त्यसको अत्याचारबाट मुक्ति प्रदान गरेको थियो ।

यहूदीहरू यसदिन व्रत बस्दै आएका छन् र यसदिनको अति सम्मान गर्दछन् त रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूलाई उनीहरूको यसकार्यमा पनि विरोध गर्ने आदेश गरेका छन् यसलेगर्दा हामीहरूलाई यो आदेश छ कि हामी आशूरामा दुई दिनको व्रत बसौं ।

र धर्मविद्हरूको भनाई अनुसार आशूराको व्रत बस्ने तरिका यो हो कि हामी ९ र १० वा १० र ११ तारीखमा व्रत बसौं यस्तो गरेमा यहूदीहरूको विरोध पनि भइहाल्छ र व्रत बस्ने कार्य पनि पूर्ण भइहाल्छ ।

त हामीलाई थाहा यो भयो कि आशूराको व्रत दुई दिन बस्नुपर्छ र यो नै सुन्नत अनुकूल छ जस्तो कि हदीसमा छ :

अर्थ : इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले

आशूराको व्रत बस्नु भयो र सबैलाई व्रत बस्ने आदेश गर्नुभयो त सहाबाहरूले भनेः हे अल्लाहका रसूल यो यस्तो दिन हो जसलाई यहूदी र ईसाईहरू आदरणीय र सम्मानित मान्दछन्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नुभयो यदि अल्लाहले चाह्यो भने आउनेवाला साल ९ तारीखको पनि व्रत बसौंला। अनि इब्ने अब्बास भन्छन् कि आर्को साल आउनु भन्दा अगावैं रसूल सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास भइहाल्यो। ( मुस्लिम हदीस नं. १९१६ )

र यस्तो गरेमा सुन्नतको अनुशरण पनि हुन्छ र हाम्रो वगितमा गरिएका एक वर्षका पापहरूको क्षमादान पनि मिल्छ जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “ म अल्लाहसित यो आशा राख्दछु कि आशूराको व्रतको प्रतिफलको रूपमा अल्लाह विगतका एकवर्षका पापहरूलाई क्षमा गरिदिन्छ ” ( मुस्लिम हदीस नं. १९७६ )

## हाम्रो नेपाली समाजमा यसदिन गरिने केही अवैधानिक कार्यहरूको वर्णन

हाम्रो देश नेपालमा र छिमेकी देश भारतमा मुसलमानहरू आशूराको दिन विगतदेखि नै केही अमानवीय र अवैधानिक कार्य गर्दै आएका छन्, र कतिपयजना विदअत र शिर्क गर्नुबाट डर मान्दैनन् । र यस्ता कार्यहरूबाट इस्लामको कुनै सरोकार छदैछैन बरु यस्ता पाखण्डहरूबाट इस्लामले रोकेको छ । त त्यसमध्ये मेरो जानकारीमा रहेका कार्यहरूलाई यससानो निबन्धमा वर्णन गर्ने प्रयास गर्दछु, यसलाई ध्यानपूर्वक अध्ययन र्गनुस् र यसबाट बाँच्ने प्रयत्न गर्नुस् !

 कतिपय मुसलमानहरू यो आस्था राख्दछन् कि आशूराको दिन शोकको दिन हो, यसर्थ यसदिन शोक मनाउनु वैधानिक ठानी आफ्नो लुगा च्यात्छन् र आफ्नो छातीलाई पिट्दछन् र आफ्नो कपाललाई बहुलहा झै नोचेर अल्लाहले दिएको राम्रो अनुहारको दुर्गत बनाइदिन्छन् । तर हे भाइ यसको कुनै प्रमाण इस्लाममा छदैछैन, बरु इस्लाममा पुरुषको मृत्यु पश्चात त्यसकी श्रीमतीलाई मात्र शोक मनाउने अधिकार दिइएको छ । र यहाँ कुरो बेग्लै छ कि यस्तो गर्ने

मूर्खहरू हजरत हसनको शोकमा आफूलाई हानि पुऱ्याउँछन् यो कहाँको निसाफ हो । जब स्वास्नीलाई आफ्नो पतिको शोकमा यस्तो तरिकाले विलाप गर्नु र छाती पिट्नुबाट रोकिएको छ त यी मूर्खहरू कुन आधारमा यस्तो शोक मनाउँछन् आफै विचार गर्नुस् । र दोस्रो कुरो के छ भने यी मूर्खहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको शोक त मनाउँदैनन् जुनकि यस ब्रह्माण्डका सबैभन्दा सम्मानित व्यक्ति र समस्त रसूलहरूको समापक थिए, र उहाँको छोरीको छोराको शोकमा विलाप गर्छन् यस्तो विभाजन किन ?

सत्य कुरो यो हो कि यिनीहरूलाई इस्लामको बारेमा केही थाहा छैन र यिनीहरू इस्लामका निर्देशनहरूबाट अति अनभिज्ञ छन् । यसलेगर्दा हे भाइ यस्ता भ्रमितहरूको अनुशरण कहिले नगर्नु यिनीहरू पथविचलनमा परेका मान्छेहरू हुन् ।

□ यस्तै केही मुसलमानहरू यसै दिन हतियारबाट आफूलाई घाइते बनाउँछन् जसरी भाला चाकू.. आदिबाट र दिनभरी रोईरोई आफूलाई हैरान पारेर आफ्नो शरीरलाई कष्ट दिन्छन् । र भन्छन् कि यसैदिन हजरत हुसैनलाई शहीद गरिएको थियो । तर मेरो भनाई के छ

भने यदि हजरत हुसैनलाई यसदिन शहीद गरिएको थियो भने तिमीहरू आफ्नो शरीरलाई किन घायल गर्छौ ? के यो कार्य सहाबाले गर्नुभएको छ वा तिमीहरू ती सहाबाहरू भन्दा अधिक हजरत हुसैनलाई प्रेम गर्दछौ ? यो कार्य गर्नेहरू आफै आफूलाई उत्तर दिइहालुन् । कुरो यो छ कि यिनीहरू अल्लाह र अल्लाहका रसूलको अवज्ञा गर्नेहरू हुन् किनकि अल्लाहले पवित्र कुरआनमा भनेको छ :

﴿ وَأَنفِقُواْ فِي سَبِيلِ ٱللَّهِ وَلَا تُلۡقُواْ بِأَيۡدِيكُمۡ إِلَى ٱلتَّهۡلُكَةِ وَأَحۡسِنُوٓاْ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلۡمُحۡسِنِينَ ١٩٥ ﴾ البقرة: ١٩٥

अर्थ : अल्लाहको मार्गमा खर्च गर र आफैले आफूलाई विनाशमा नपार र सत्कर्म गर निःसन्देह अल्लाह भलाई गर्नेहरूलाई माया गर्दछ । ( सूरतुल बकर: १९५ )

त यिनीहरू आफ्नो इच्छाको उपासक हुन किनकि यस श्लोकमा अल्लाह हामीलाई यो आदेश गरेको छ कि हामी आफै आफूलाई विनाशमा नपारौं । यसलेगर्दा हे भाइ यस्ता पथभ्रमित मान्छेहरूको कहिले पनि अनुशरण नगर्नु होला नत्र तपाईको लोक र परलोकको जीवन कष्टमय नै रहनेछ ।

□ यस्तै कतिपयजना आशूराको दिनलाई मुसलमानहरूको पर्वको दिन ठान्दछन् । जबकि मुसलमानहरूका मात्र दुई पर्वहरू छन् ईदुल् फित्र र ईदुल् अजहा, र यस बाहेक अरु कुनै पर्व हदीसहरूबाट प्रमाणित छैन । र जुम्आको दिन पनि सप्ताहिक ईद हो तर यो ती दुईटा पर्वहरू जस्तो छैन । तर आशूराको दिन कुनै आधारमा पनि पर्वको दिन होइन । यसलेगर्दा यसलाई कदापि पर्वको रुपमा नमनाउनु होला नत्र तपाईको सबै क्रमहरू खेर जानेछन् किनकि यो इस्लाममा नौलो कार्यको अविष्कार हो जुन बिना तौबा क्षमायोग्य छैन ।

□ कतिपयजना सालका समस्त दिनहरूलाई छाडि यसै आशूराको दिन जकात (धर्मदाय) निष्कासित गर्छन् र यसकार्यको लागि यसैदिनलाई विशिष्ट गर्छन् । तर यसको कुनै प्रमाण हदीसहरूबाट छैन बरु हदीसहरूबाट यो प्रमाणित छ कि तपाईको धन यदि यति मात्रामा छ कि त्यसमाथि जकात अनिवार्य भएको छ भने एकवर्ष जुन दिन पूर्ण भइहालोस् त्यसै दिन त्यसको जकात निकाल्नुस् र यो नै सबै धर्मशास्त्रीहरूबाट भनिएको छ । तर जुन मान्छेहरू आशूराको दिन जकात निकाल्दछन्

उनीहरूको पासमा कुनै प्रमाण छैन । र दास्रो कुरो के छ भने यसदिनलाई विशेष गर्नु बिदअतको सीमामा आउँछ जुन जघन्य अपराध हो । यसले गर्दा इस्लामले तोकेको दिन नै अआफ्ना जकातलाई निकालेर गरिबहरूमा वितरण गर्नु होला यो नै सोझो बाटो हो र इस्लामीय निर्देन अनुकूल पनि ।

 यस्तै कतिपयजना यसैदिन बलि गर्दछन् वा अकीका गर्दछन्, जसको सबूत कतै भेटिदैन । बरु बलि त ईदुल् अजहा अर्थात बक्रीदको दिन गरिन्छ र अकीका शिशुको जन्मको सातौं दिन गरिन्छ यो नै अल्लाह र अल्लाहका रसूलको आदेश हो । यसबारे अधिक जानकारीको लागि कुर्बानी र अकीका नामक किताबको अध्ययन गर्नुहोस् ।

 यस्तै विशेषरूपले यसै आशूराको दिन आफ्नो बाबुबाजेको चिहानको जियारत गर्नु र उनीहरूको चिहानमा भोजनको भेंट चढाउनु यो सबै कार्यहरू घोर पाप हुन् बरु शिर्कको सीमामा आउँछन् यसलेगर्दा यस्तो कदापि नगर्नु होला ।

 यस्तै यसदिन कागजले ताजिया बनाउनु र त्यसको अगाडि धुवनी गर्नु त्यसलाई विशेष भोजनको भेंट गर्नु, र त्यसलाई ढोग गर्नु, यी

सबै कार्यहरू शिर्कका कार्यहरू हुन् र यसलाई मात्र नास्तिक र काफिरहरू नै गर्छन्। यसलेगर्दा यस्ता महापापका कार्यहरूबाट अवश्य बाँच्नु होला ।

□ यस्तै यसदिन ढोल र ताशा वा अरु कुनै यन्त्र बजाउनु, र ताजिया राखेको ठाउँमा नाचगान गर्नु ठूलो पाप हो बरु यो शैतानी कार्य हो यसलाई शैतानका दाजुभाइहरू मत्र गर्छन् । यसलेगर्दा यस्ता पथभ्रष्टताका कार्यहरूबाट स्वयम् आफू बाँच्नुस् र आफ्नो घरपरिवारलाई पनि बचाउनुस्। किनकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ عَلَيۡهَا مَلَٰٓئِكَةٌ غِلَاظٞ شِدَادٞ لَّا يَعۡصُونَ ٱللَّهَ مَآ أَمَرَهُمۡ وَيَفۡعَلُونَ مَا يُؤۡمَرُونَ ٦ ﴾ التحريم: ٦

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका, यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन्। ( सूरतुत्तहरीम ६ )

र जब उपरोक्तका पाखण्डी कार्यहरूको बारेमा शैखुल इस्लाम इब्ने तैमियासित सोधियो कि यी कार्यहरूको के हुकुम छ ? त उहाँले भन्नु भयोकि यस्ता सबैकार्यहरू इस्लाममा अवैध छन् यसलाई नत रसूल सल्लल्लाहो अलैहे वसल्लमले गर्नु भयो नत उहाँका सहाबाहरू, र नत कुनै इमामले नत कुनै धर्मविद्ले गर्नुभयो यसलेगर्दा यी कार्यहरू प्रमाणहीन छन् र इस्लामीय दृष्टिकोणले वर्जित छन् । ( फताव कुबरा लेशैखुल इस्लाम इब्ने तैमिया )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन छ कि : " तिमीहरूमाथि मेरो पद्धति र मेरो सत्यनिष्ठ सदाचारी उत्तराधिकारीहरूको पद्धतिको अनुशरण गर्नु अनिवार्य छ यसलाई आफ्नो दाँतले समातिराख्नु (अर्थात दृढतापूर्वक समात्नु) र इस्लाममा नौलो कार्य अविष्कृत गर्नुबाट बाँच्दैरहनु " ( अबू दाऊद, तिर्मिजी )

र आर्को हदीसमा छ : " इस्लाममा प्रत्येक नौलो अविष्कृत कुरा पथभ्रष्टता हो र प्रत्येक पथभ्रष्टता नर्क सम्म पुगाउँछ " । ( नेसाई )

र आको हदीसमा छ : " जसले कुनै यस्तो कार्य गऱ्यो जसको आदेश हामीले गरेका छैनौं त त्यो कार्य अस्वीकार्य छ " । ( बुखारी, मुस्लिम )

त हे भाइ सिद्ध यो भयोकि आशूराको दिन व्रत बस्नु वैधानिक कुरो हो, तर त्यसदिन व्रत बाहेक जति पनि क्रियाकलाप हाम्रो समाजमा गरिन्छ सबै अवैधानिक छन् । यसले गर्दा तपाई यस्ता कुकर्मतिर नालाग्नु होला, र व्रत बसेर रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गरेर आफ्नो दुवै लोकको जीवनलाई शान्तिमय बनाउनु होला यो नै इस्लामीय निर्देशन अनुकूल छ ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com